# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम

# पाठ ७

## आइपर्ने परीक्षाहरू कसरी सामना गर्नुपर्छ?

(तल दिइएका मुख्य पदहरू कण्ठस्थ गर्नुहोस्।)

**''यसकारण जसले 'म खड़ा छु' भनी सम्झन्छ, ऊ होसियार रहोस्, नत्र ऊ लड्नेछ। मानिससाथि आइपर्ने किसिमको परीक्षाबाहेक अरू परीक्षा तिमीहरूमाथि आइपरेको छैन; तर परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, जसले तिमीहरूलाई तिमीहरूको शक्तिदेखि बाहिरको परीक्षामा पर्न दिनुहुनेछैन, तर तिमीहरूले सहन सक भनेर परीक्षाको साथ-साथै उम्किने बाटो पनि बनाउनुहुन्छ।''** **१ कोरिन्थी १०:१२-१३**

हामी मानिसहरू कति कमजोर छौं भन्ने कुरा धेरैलाई थाह छैन। हामी कति सजिलोसँग परीक्षामा पर्छौं र पापमा फस्छौं भन्ने कुरा कसले जानेको छ र? हामीलाई सृष्टि गर्नुहुने परमेश्वरले हाम्रो अवस्था पूरा जान्नुहुन्छ। यसैकारण आइपर्ने परीक्षाहरूको सम्बन्धमा तपाईंलाई होसियार बनाउनको निम्ति हामी यही पाठमा तपाईंलाई बाइबलको शिक्षा दिन चाहन्छौं। परीक्षाहरू कहाँबाट आउँछन्, हामीले तिनको सामना कसरी गर्नुपर्छ र कसरी तीमाथि विजयी हुन सक्छौं भन्ने विषयहरू सिकेर यो पाठ तपाईंको जीवनमा ठूलो आशिषको कारण बनोस्। तपाईं मात्र होइन, तर सबै मानिसहरू परीक्षामा पर्छन् भन्ने कुरा याद गर्नुहोस्। तपाईंको कमजोरीपन जानेर परमेश्वरले परीक्षाको समयमा तपाईंको निम्ति उम्कने बाटो तयार गर्नुहुन्छ; किनभने आफ्ना प्रिया छोराछोरीहरूप्रति उहाँ विश्वासयोग्य हुनुहुन्छ। यस्ता समयहरूमा उहाँले हामीलाई छोड्नुहुन्न, तर हामीलाई झन् साथ दिनुहुन्छ। परीक्षामा स्थिर रहनेलाई उहाँले जीवनको मुकुट पाउने प्रतिज्ञा दिनुभएको छ भन्ने कुरा नबिर्सनुहोस्।

## क - मानिसको पहिलो परीक्षा **उत्पत्ति २ र ३ अध्याय**

**''अनि जब स्त्रीले त्यो रूख भोजनको निम्ति असल, आँखाहरूको निम्ति मनोहार र बुद्धिमान् तुल्याउनको निम्ति चाह गर्न लायकको रहेछ भनी देखी, तब उसले त्यसको फल टिपेर खाई, र आफ्नो पतिलाई पनि दिई, अनि उनले खाए।''** **उत्पत्ति ३:६**

जब परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो, तब उहाँले उसलाई एउटा सुन्दर बगैंचामा राख्नुभयो, जहाँ उहाँले मानिसको लागि हेर्नलाई मनोहार र खानलाई असल फल दिने हर किसिमका रूखहरू उमार्नुभयो। यी सबै

रूखहरूको फलबाट मानिसले खुशीसाथ खान सक्थ्यो। बगैंचाको बीचमा परमेश्वरले जीवनको रूख साथै असल र खराबको ज्ञान दिने रूख पनि लगाउनुभयो। तर असल र खराबको ज्ञान दिने रूखको बारेमा परमेश्वरले मानिसलाई 'यसको फल नखानू, नत्र तिमी मर्नेछौ' भन्ने आज्ञा दिनुभयो।  एक दिन साँप, जो सबै पशुहरूभन्दा धूर्त थियो, स्वास्नी मानिसलाई पापमा फसाउन अर्थात् परीक्षा गर्न आयो। परमेश्वर र उहाँको आज्ञाको विषयमा त्यसले स्त्रीको हृदयमा शंका उत्पन्न गर्‍यो, साथै जुन फल खान मानिसलाई मनाई थियो, त्यस फलप्रति अभिलाषा पैदा गर्‍यो; तब त्यो स्त्रीले असल र खराबको ज्ञान दिने रूखतिर ध्यान लगाई। जब त्यस स्त्रीले त्यस रूखको फल खानलाई मीठो, हेर्नलाई सुन्दर र ज्ञान पनि दिने रहेछ भन्ने कुरा देखेर थाह लागी, तब उसले त्यसको फल टिपेर खाई, र आफ्नो लोग्नेलाई पनि दिई; अनि उनले खाए। यसरी नै पहिलो मानिसले शैतानको कुरामा ध्यान लगाएर परमेश्वरको आज्ञाको विरोधमा पाप गर्‍यो। हामी त्यस पहिलो मानिसका सन्तान हौं। यसैकारण शैतानले हामीलाई पनि निरन्तर पापमा फसाउन खोज्छ। यसैले हाम्रो शत्रु शैतानको विषयमा हामी पहिले केही कुरा सिकौं।

## ख - परीक्षा गर्ने शैतानको बारेमा केही शिक्षा

हाम्रो शत्रु शैतान किसिम किसिमको रूप धारण गर्ने दुष्ट आत्मा हो। यसैले परमेश्वरको वचन बाइबलमा शैतानलाई विभिन्न नामहरू दिइएका हामी पाउँछौं। ती नामहरूबाट हामी यहाँ त्यसलाई र त्यसका धूर्त काम चिन्ने प्रयास गर्छौं।

**अ ) चम्किलो तारा - प्रभातको पुत्र** **( यशैया १४:१२ )**

शैतानको पहिलो नाम एकदम महिमित नाम थियो। यसैबाट हामी बुझ्छौं कि परमेश्वरले शैतानलाई दुष्ट भएर सृष्टि गर्नुभएन; किनभने परमेश्वरले कुनै खराब थोक रच्न सक्नुहुन्न। तर उहाँले त्यसलाई सबैभन्दा सुन्दर, शक्तिशाली र महिमित स्वर्गदूतको रूपमा सृजनुभयो। एक दिन घमण्डमा फुलेर त्यसले परमेश्वरसित बराबर हुन खोज्यो। यो त्यसको पाप थियो। त्यसको विद्रोहमा अरू स्वर्गदूतहरू पनि लागे; तिनीहरूसँग परमेश्वरले शैतानलाई स्वर्गबाट निकाल्नुभयो। त्यस दिनदेखि शैतान परमेश्वरको घोर विरोधी र सबै दुष्ट आत्माहरूको मालिक बन्यो।

**आ ) पुरानो साँप** **( उत्पत्ति ३: , प्रकाश २०:२ )**

जब परमेश्वरले मानिसलाई सृष्टि गर्नुभयो, तब उहाँले उसलाई आफ्नो स्वरूपमा बनाउनुभयो। पृथ्वीमा मानिसचाहिँ सबभन्दा सुन्दर सृष्टि भयो। अदनको बगैंचामा हामी शैतानलाई साँपको रूपमा आएको र मानिसलाई पापको परीक्षा गरेको देख्छौं। मानिसलाई पापमा फसाएर त्यसले परमेश्वरको काम बिगार्न चाह्यो। त्यो साँप सबै पशुहरूभन्दा धूर्त थियो भन्ने कुरा हामी पढ्छौं। पहिलो मानिस त्यसको छलमा फस्यो। बाइबलको अन्तिम पुस्तकसम्म त्यसको नाम 'पुरानो साँप' रह्यो; किनभने साँपको रूपमा हामीकहाँ देखा नपरे तापनि त्यसले आजको दिनमा पनि सारा संसारलाई धोका दिएर पापमा फसाउँछ र  यसरी नै प्रायः सबै मानिसहरूलाई आफ्नो वशमा ल्याएको छ। शैतान मानिसको ठूलो शत्रु हुन्छ।

**इ ) परीक्षा गर्ने** **( मत्ती ४: , लूका ४: )**

परीक्षा गर्नुको मतलब जाँच गर्नु हो। यसमा कुनै नराम्रो कुरा हामी देख्दैनौं। तर जब हामी शैतानको विषयमा कुरा गर्दा त्यसले हामीलाई परीक्षा गर्छ भन्छौं, तब यसको मतलब भिन्दै हुन जान्छ। शैतान धूर्त भएकोले हामीलाई दिनरात नराम्रो किसिमले हेर्छ र पारख गर्छ। किनभने त्यसले हाम्रा सबै कमजोरीहरू

जान्न र हामीलाई कसरी पापमा फसाउन सक्छ, यसका उपाय खोज्छ। हामी कमजोर मानिसहरू हौं भन्ने कुरा त्यसलाई पूरा थाह छ। विभिन्न पापको अभिलाषाहरू देखाएर हामीलाई जित्नमा त्यो अति सफल भएको छ। तर परमेश्वरलाई धन्यवाद होस् – ख्रीष्ट येशू शैतानका दुष्ट कामहरू नष्ट गर्न आउनुभएको छ र क्रूसको मृत्युद्वारा शैतानलाई जित्नुभयो। प्रभु येशूमाथि विश्वास गर्नेहरूले शैतानमाथि जय पाउँछन्।

**ई ) शैतान** **( मत्ती ४: , लूका ४: , यूहन्ना ८:४४, प्रकाश १२:९ र २०:२ )**

शैतानको अर्थ शत्रु हो। शैतान परमेश्वर र मानिसको शत्रु हो। त्यो सबै असल कुराको विरोधी हो। प्रभु येशूले यूहन्ना ८:४४ मा त्यसका गुणको बयान गर्नुभएको छ। त्यो हत्यारा हो। त्यो झूट हो र झूटको बुवा हो। सत्यतामा त्यो ठहरेन। त्यसमा सत्य छँदैछैन। तपाईंले त्यससँग केही सम्बन्ध राख्न नचाहेर वा त्यसलाई कुनै खराबी नगर्नुभए पनि त्यो तपाईंको प्राणको शत्रु नै भइरहन्छ। त्यसले तपाईंलाई पापमा फसाएर आफ्नो वशमा ल्याउनुमा मात्र सन्तोष हुँदैन, तर त्यसले तपाईंलाई पूरा नाश भएको चाहन्छ। यसकारण शैतानसँग मेल राख्ने कुनै उपाय छैन। त्यो हाम्रो शत्रु नै हुन्छ हुन्छ।

**उ ) बेल्जेबुल** **( मत्ती १२:२४ )**

दुष्ट आत्माहरूको शासकलाई हिब्रू भाषामा 'बेल्जेबुल' भनिन्छ। यस नामको खास अर्थ 'झिँगाको देवता' वा 'फोहोरको मालिक' भएकोले यो शैतानको उपनाम हो। यस नामबाट हामी हाम्रो शत्रुको बारेमा धेरै कुरा सिक्न सक्छौं। झिँगा कहाँ पाइन्छ? फोहोरमा। शैतान कहाँ रहन्छ? पापको मैला हुने ठाउँमा। जो पापबाट टाढ़ा बस्छ, उसैलाई परीक्षा गर्न शैतानलाई गाह्रो पर्ला। तर पापलाई माया गर्ने मानिस अवश्य शैतानको सिकार बन्छ।

**ऊ ) झूटा दोष लगाउने 'डियाबोलोस'** **( प्रकाश १२:९-१० र २०:२ )**

शैतानले सारा संसार र त्यसका मानिसहरूलाई धोका दिएर आफ्नो अधीनतामा ल्याउन सफल भएको छ। तर जतिजनाले प्रभु येशूमाथि विश्वास गरे, उनीहरू सबैले त्यस अन्धकारको शक्तिबाट उम्कन पाए। यसकारण शैतान हामी विश्वासीहरूलाई पापमा फसाउनुमा असफल हुन्छ भने तब त्यसले हामीलाई झूटो दोष लगाएर निराश पार्न खोज्छ। परमेश्वरका जनहरूको विरोधमा दिनरात झूटा दोषहरू लगाउने काममा त्यो व्यस्त रहन्छ।

## ग – परीक्षा आउने क्षेत्रहरू

**''परीक्षामा पर्दा कुनै मानिसले पनि 'म परमेश्वरद्वारा परीक्षामा परें' भनी नभनोस्; किनभने खराब कुराहरूद्वारा परमेश्वरको परीक्षा हुन सक्दैन, न ता उहाँ आफूले कुनै मानिसलाई परीक्षामा पार्नुहुन्छ। तर हरेक मानिस आफ्नै अभिलाषाद्वारा खिँचिएर र फसेर परीक्षामा पर्छ। त्यसपछि, जब अभिलाषा गर्भधारण गर्छ, तब त्यसले पाप जन्माउँछ; अनि पूरा बढ़ेपछि पापले मृत्यु उत्पन्न गर्छ।''**

**याकूब १:१३-१५**

माथि उल्लेख गरिएको बाइबल-पदले हामीलाई सफासँग के भन्दछ भने: जब कुनै मानिस पापको परीक्षामा पर्छ, तब यस परीक्षा ल्याउने परमेश्वर हुनुहुन्न; किनभने उहाँले कुनै मानिसलाई पापको परीक्षामा पार्नुहुन्न। यस पदमा हामीलाई परीक्षा गर्ने शैतानको कारणले मानिस पापमा फसेको हो, पनि भन्दैन। तर हरेक मानिस आफ्नै अभिलाषाहरूले गर्दा पापमा फस्दो रहेछ भन्ने कुरामा ध्यान दिनैपर्छ। पापका विभिन्न अभिलाषाहरूले मानिसको मन खिँच्दैछन् र पापमा फसाउँछन्। याद गर्नुहोस् – परीक्षामा पर्नु पाप होइन। तर

जब कुनै मानिसले पापको अभिलाषालाई आफ्नो मनमा अलिकति ठाउँ दिन्छ, तब पापमा नफसेसम्म त्यो अभिलाषाले उसलाई खिँच्न छोड्दैन। अनि पापले मानिसलाई मृत्युमा नपुऱ्याएसम्म पनि छोड्दैन। यसो हो भने यी पापको परीक्षा आउने क्षत्रहरू के के हुन्, सो राम्ररी जान्न हामीलाई खाँचो पर्छ।

> **''संसारलाई प्रेम नगर, न ता संसारमा भएका कुराहरूलाई नै प्रेम गर। कसैले संसारलाई प्रेम गर्छ भने पिताको प्रेम उसमा हुँदैन। किनभने संसारमा भएका सबै कुराहरू - शरीरको अभिलाषा, आँखाहरूको अभिलाषा र जीवनको सेखी पिताबाटको होइन, तर संसारबाटको हो। अनि संसार बितिजान्छ, र त्यसको अभिलाषा पनि, तर जसले परमेश्वरको इच्छा पालन गर्छ, ऊ सदासर्वदा रहन्छ।'' १ यूहन्ना २:१५-१७**

**अ - शरीरको अभिलाषा - १ यूहन्ना २:१६**

शरीरबाट पैदा हुने र शरीरको कुइच्छा पूरा गर्ने अभिलाषा शरीरको अभिलाषा भनिन्छ। बगैंचामा लगाइएको, तर मनाई गरिएको रूखको फल खानलाई मीठो थियो। प्रभु येशूलाई भोक लाग्ने बेलामा शैतानले पनि उहाँलाई खानलाई रोटी बनाउने सल्लाह दियो। खाना खान पाप हो भनेर प्रभुले हामीलाई यहाँ सिकाउनुभएको होइन। तर परमेश्वरको इच्छाभन्दा शरीरको लागि फिक्री गर्ने र बन्दोबस्तो गर्ने मानिस शैतानको पासोमा पर्छ भन्ने कुरा स्पष्ट पार्नुभयो। मोजमज्जा र मतवालीपना, व्यभिचार र कामुकता, झगड़ा र डाहा, निद्रा र अल्छीपना, साथै अरू यस्ता कुकामनाहरू शरीरबाट आउँछन्। यसबाट हामी जोगिनुपर्छ र आफ्नो शरीर बढ्ता माया गर्नुहुँदैन।

**आ - आँखाहरूको अभिलाषा - १ यूहन्ना २:१६**

जब आफ्ना आँखाहरूले कुनै चीज देखेर हामीले त्यसलाई आफ्नो पार्न बढ्ता गरी लालच गर्छौं, तब हामीले आँखाले पाप गर्छौं। बगैंचामा मनाई गरिएको रूखको फल हेर्नलाई सुन्दर र लोभलाग्दो थियो। परीक्षा गर्दा शैतानले प्रभु येशूलाई संसारका सबै गौरव देखायो। जुन चीज देखेर तपाईंको मन खिँचिन्छ, त्यही थोक तपाईंले लालच गर्नुहुन्छ। यसकारण तपाईंले कस्ता कस्ता किताब र पत्रिकाहरू पढ्नुहुन्छ; टिभीमा वा चित्रघरमा कस्तो सिनेमा र भिडिओ हेर्नुहुन्छ; अथवा कसको सम्पत्तिमा आँखा लगाउनुहुन्छ भन्ने विषयमा होसियार! संसारलाई वा संसारको कुनै थोकलाई माया गर्ने मानिस कुनै न कुनै कुरामा फस्दछ। आफ्नो मन यी सबै कुराहरूबाट चोखो राख्नुपर्छ, नत्रभने यही आँखाको अभिलाषाले गर्दा हामीले आफूलाई घरीघरी अशुद्ध तुल्याउँछौं।

**इ - जीवनको सेखी - १ यूहन्ना २:१६**

आफ्नो वर्तमान स्थितिको विषयमा घमण्ड गर्नु पाप हो। आफैलाई ठूलो, राम्रो र योग्य सम्झनु पनि पाप हो। धेरै मानिसहरूले आफ्नो जात, परम्परा, धर्म र देशको विषयमा गर्व गर्छन् भने अरूले आफ्नो शरीरको बल र सुन्दरतामा, कमाएको धन-सम्पत्तिमा, उच्च शिक्षा र स्तरमा घमण्ड गर्छन्। घमण्ड नगर्ने कोही मानिस छैन। अभिमान कति धेरै फैलिएको छ, यस संसारमा। मानिस हर समय हर कुरामा घमण्ड गर्छ। शैतानले गरेको पाप यही थियो, जब त्यसले परमेश्वरसित बराबर हुन खोज्यो। पहिलो मानिसको पाप यही थियो, जब उसले बुद्धिमान् हुन चाह्यो। शैतानले 'यसको फल खायौ भने तिमी ईश्वरजस्तै हुनेछौ' भन्दै मानिसलाई सजिलोसँग फकाउन सक्यो। जब शैतानले

प्रभु येशूलाई परीक्षा गऱ्यो, तब प्रभुले आफ्नो मान खोज्न वा बल देखाऊन् भनेर उहाँलाई पापमा फसाउन ऊ सफल भएन। किन होला? यद्यपि प्रभु येशू परमेश्वरको पुत्र हुनुहुन्छ, संसारमा हुनुहुँदा उहाँ नम्र हुनुहुन्थ्यो। हामीलाई जस्तै शैतानले प्रभु येशूलाई पनि परीक्षा गऱ्यो, तर प्रभु येशू परीक्षामा विजयी हुनुभयो। यसकारण हामी उहाँको उदहारणबाट परीक्षामा स्थिर रहन र विजयी हुन सिकौं।

## घ - प्रभु येशूको परीक्षा     लूका ४:१-१३

**(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)**

**''अनि प्रभु येशूले शैतानलाई यसो भन्दै जवाफ दिनुभयो: 'यो लेखिएको छ - मानिस रोटीले मात्र होइन, तर परमेश्वरको हरेक वचनले बाँच्नेछ।' ''     लूका ४:४**

प्रभु येशूको परीक्षाको मुख्य बुँदाहरू छोटकारीमा हेरौं:

**लूका ४:१ -** शैतानले प्रभु येशूलाई परीक्षा गरेको बेलामा उहाँ पवित्र आत्माले भरपूर हुनुहुन्थ्यो र परमेश्वरको आत्माको अगुवाइअनुसार हिँड्नुहुन्थ्यो।

**लूका ४:२ -** यस्तो अवस्थामा पनि शैतानले प्रभुलाई पापको परीक्षा गर्न पायो।

**लूका ४:३, ५ र ९ -** शैतानले प्रभु येशूलाई तीनटा क्षेत्रहरूमा - शरीरको अभिलाषा, आँखाको अभिलाषा र जीवनको सेखीको विषयमा परीक्षा गऱ्यो।

**लूका ४:४, ८ र १२ -** परीक्षा हुँदा प्रभु येशूले आफ्ना शब्दले उत्तर दिनुभएन, तर सधैं परमेश्वरको जीवित र शक्तिशाली वचनको उचित खण्ड लिएर शैतानलाई जवाफ दिएर त्यसलाई सामना गर्नुभयो।

**लूका ४:१३ -** पापको परीक्षामा विजयी हुनुभएको प्रभु येशूलाई शैतानले सधैंको लागि होइन, तर केही समय मात्र छोड्यो।

## ङ - परीक्षाको सामना गर्ने परमेश्वरका हात-हतियारहरू     एफेसी ६:१०-१८

हाम्रा प्रभु येशूको उदहारणबाट पापको परीक्षामा स्थिर रहनको लागि हामीले शैतानलाई ठीक जवाफ दिनुपर्ने रहेछ भन्ने कुरा हामीलाई स्पष्ट थाह भएको छ। यसरी नै शैतानसँग लड्नुचाहिँ आत्मिक लड़ाइँ भनिन्छ। आत्मिक लड़ाइँको निम्ति तयार हुनको लागि र लड़ाइँमा स्थिर रहनको लागि परमेश्वरले प्रभु येशूमाथि विश्वास गर्नेहरू सबैका निम्ति आत्मिक हात-हतियारहरू तयार गर्नुभएको छ। आफ्नो शक्ति र बुद्धि यस लड़ाइँमा कुनै सीप लाग्दैन, तर परमेश्वरका हतियारहरू लगाएर र चलाएर हामी आत्मिक लड़ाइँ जित्न सक्छौं। यसो हो भने हामीले परमेश्वरको वचनको यस खण्डलाई बढ़ी ध्यान दिनुपर्छ।

**एफेसी ६:१० -** प्रभु येशूमाथि र उहाँको शक्तिमा राखिएको विश्वासमा मात्र हामी आत्मिक दृष्टिले बलिया हुन्छौं।

**एफेसी ६:११ -** शैतान धूता छ; हाम्रो विरोधमा त्यसका युक्तिहरू पनि धूर्त छन्। शैतानका युक्तिहरूको सामना गर्नलाई परमेश्वरका सारा हात-हतियारहरू चाहिन्छ। यी हात-हतियारहरू लगाए मात्र काम लाग्छ।

**एफेसी ६:१२** – हाम्रो लड़ाइँ आत्मिक लड़ाइँ हो; यसैले हामीले देखिने सेनाको विरोध गर्नु होइन, तर शैतानका सारा दुष्ट आत्माहरूको सेनाको विरोध गर्नुपर्छ, जो आकाशी स्थानहरूमा छन्।

**एफेसी ६:१३** – कुनै दिन शैतानले हामीलाई आक्रमण गर्छ नै। यस खराबी दिनमा शैतानको युक्तिको सामना गर्न सक्नलाई हामीले परमेश्वरका सारा हात–हतियारहरू लगाएर मात्र पुग्दैन, तर यी हतियारहरू लड़ाइँमा प्रयोग गर्नलाई पूरा अभ्यस्त भई हामी सधैं तयार रहनुपर्छ।

**एफेसी ६:१४** - परमेश्वरको आज्ञा यो हो: खड़ा होऊ! यसरी नै हामी लड़ाइँ गर्न तयार छौं।

**एफेसी ६:१४ - १८:** अब परमेश्वरका हात–हतियारहरूतिर ध्यान लगाऔं –

**१– आफ्नो कम्मरमा सत्यता कस्नुपर्छ**

कम्मरमा हाम्रो बल हुन्छ। सत्यतामा चल्ने मानिस बलियो हुन्छ। शैतान झूट हो; तर प्रभु येशू सत्य हुनुहुन्छ। आफै पापको अन्धकारमा रहेर हामी शैतानलाई जित्न सक्दैनौं। जब हामी प्रभु येशूकहाँ आएर उहाँको ज्योतिमा हिँड्छौं, तब मात्र हामी सत्य हुन्छौं। यसकारण हामीले ज्योतिमा हिँड्न सिक्नुपर्छ अर्थात् हामीले पाप गरे तुरुन्तै त्यो प्रभुको सामु मानिलिनुपर्छ।

**२– छातीमा धार्मिकताको कवच धर्नुपर्छ**

अपराधीलाई दोष लगाउन सजिलो छ; तर परमेश्वरका आज्ञाहरू पालन गर्ने मानिसको विरोध कसले गर्न सक्छ र? यसैकारण परमेश्वरका आज्ञाकारी छोराछोरीहरू भएर हामीले एउटा शुद्ध हृदय र असल विवेक कायम राख्नैपर्छ। यसरी हामी शैतानलाई कुनै दोष्याउने मौका दिँदैनौं। जब त्यसले हाम्रो विरोधमा आरोपहरू लाउन थाल्छ, तब प्रभु येशू हाम्रो धार्मिकता हुनुहुन्छ भनी हामीले दाबी गर्नुपर्छ।

**३– पाउमा सुसमाचारका जुत्ता लगाउनुपर्छ**

प्रभु येशूमा परमेश्वरले हाम्रो लागि मेलमिलापको प्रबन्ध गर्नुभएको छ। प्रभु येशूमाथि विश्वास गरेर हामीले मुक्ति र अनन्त जीवन पाएका छौं। यसैकारण अरू मानिसहरूलाई यो मुक्तिको सुसमाचार सुनाउने काममा हामी व्यस्त रहनुपर्छ। यसर्थ मानिस हामीकहाँ आऊन् भनेर उनीहरूको लागि हामी पर्खने नहौं, तर हराएका मानिसहरूकहाँ जान तयार हुने मानिस हौं।

**४– विश्वासको ढाल उठाउनुपर्छ**

आरोप लाउनु, झूटा दोष लगाउनु, शंका पैदा गर्नु, चिन्ता उत्पन्न गर्नु, डर देखाउनु जस्तै शैतानका दुष्ट युक्तिहरू अनेक छन्। अचानक शैतानले हाम्रो मनलाई आक्रमण गर्छ। त्यसले आफ्नो धनुले हामीलाई ताकेर विष लाग्ने र चोट पुर्‍याउने काँड़हरू हान्ने कोशिश गर्छ। दुष्टका सबै अग्निवाणहरू निभाउने एउटा तरिका मात्र छ – हामीले विश्वासको ढाल उठाएर काँड़लाई रोक्नुपर्छ। हाम्रो जीवनमा आइपर्ने सबै परिस्थितिहरूमा हामीले सधैं प्रभु येशूमा भरोसा राख्नुपर्छ। परमेश्वर हाम्रो सहायक हुनुहुन्छ र हामीलाई कहिल्यै छोड्नुहुन्न भन्ने दृढ़ विश्वास गर्नु हामीलाई एकदम खाँचो छ। मनमा शंका उठ्ने ठाउँ दिनुहुँदैन। हाम्रा सबै फिक्री–चिन्ताहरू प्रभुमाथि राख्नुपर्छ, किनभने उहाँ हाम्रो निम्ति फिक्री गर्नुहुन्छ।

## ५- मुक्तिको टोप लिनुपर्छ

हाम्रो टाउको चोट लाग्नदेखि जोगाउनलाई हामीले हेल्मेट अथवा टोप लगाउँछौं। लड़ाइँमा हामीलाई टोपको एकदम आवश्यक पर्छ। टाउकोमा चोट लाग्यो भने हामी युद्ध गर्न सक्दैनौं। यो जानेर शैतानले हामीलाई अनेकौं झूटा शिक्षाद्वारा हामीलाई मुक्तिको विषयमा अलमलमा पार्न निरन्तर कोशिश गर्छ। जब हाम्रो दिमाग, हाम्रो समझमा गड़बड़ी हुन्छ, तब हामी परमेश्वरको फौजको निम्ति काम नलाग्ने भएका छौं; हाम्रो हार भएको छ। यसकारण परमेश्वरको वचनको विरोधमा कुनै विचार र कल्पना स्वीकार गर्नुहुँदैन। पवित्रशास्त्र बाइबलमा झूटो शिक्षकलाई बढ़ी श्राप दिइएको हामी पाउँछौं। उनीहरूसित कुनै संगत गर्नुहुँदैन भनी प्रभु येशूले हामीलाई गम्भीर चेताउनी दिनुहुन्छ। प्रभु येशूमाथि विश्वास गर्नेहरूको निम्ति उहाँको रगतमा शक्ति छ। प्रभु येशूले क्रूसमा हाम्रो शत्रु शैतानलाई जित्नुभयो र आफ्नो अमूल्य रगत बगाएर हाम्रो छुटकाराको दाम तिर्नुभयो। प्रभु येशूमा पापको क्षमा छ। उहाँमाथि विश्वास गरेर हामीले सित्तैंमा मुक्ति पाउँछौं। प्रभु येशूमाथि विश्वास गरेको खातिर हामीले परमेश्वरको निगाह पाएका छौं। हामीले गरेको कुनै कामको कारणले होइन, तर उहाँमाथि राखेको विश्वासको कारणले उहाँमा हाम्रो सृष्टिकर्तासित मेलमिलाप गर्ने मौका पाएर हामी परमेश्वरको सामु ग्रहणयोग्य हुन्छौं। ख्रीष्टको सुसमाचारबाहेक अरू कुनै मुक्ति दिने सुसमाचार छैन। यसकारण होसियार हुनुहोस् र प्रभुको सुसमाचार उल्टा-पुल्टा पार्नेहरूबाट अलग रही आफैलाई जोगाउनुहोस्।

## ६- आत्माको तरवार लिनुपर्छ

शैतानलाई सामना गर्न र त्यसलाई हान्नको निम्ति हामीलाई एउटै हात-हतियार दिइएको छ - परमेश्वरको पवित्र वचन बाइबल। शैतानबाट परीक्षा हुँदा प्रभु येशूले पनि परमेश्वरको शक्तिशाली वचन प्रयोग गरेर शैतानलाई चुप गराउनुभयो। यसकारण हामीले पनि यस प्रकारले हाम्रो शत्रुसँग लड्नुपर्छ। आफ्नो शब्दले होइन, तर परमेश्वरको लेखिएको वचनले हामीले शैतानलाई निरुत्तर तुल्याउनुपर्छ। परीक्षा हुँदा प्रभु येशूले जपाफमा सधैं 'यो लेखिएको छ .........' भनी भन्नुभयो। यसकारण प्रिय मित्र, परमेश्वरको वचन बाइबलको एक कापी तपाईंको हातमा छ। शैतानले तपाईंलाई परीक्षा गर्दा बाइबल पढ़ेर जवाफ दिने समय हुँदैन। बाइबल वचनहरू अहिले नै सुनेर, पढ़ेर वा कण्ठस्थ गरेर आफ्नो मनमा राख्नुपर्छ। चहिने बेलामा हामीले यी वचनहरू निकालेर हामीलाई परीक्षा गर्नेलाई मुखैले भन्नुपर्छ। हाम्रो तरवार मुखैमा छ। परमेश्वरको वचन बोल्नेसँग दुईधारे, लाग्ने तरवार छ। सबै विचार र कल्पनाहरूमा यो परमेश्वरबाटको हो कि शैतानबाटको हो भन्ने कुरा खुट्ट्याउनलाई मद्दत गर्छ। (हिब्रू ४:१२) धन्य हो त्यो मानिस, जसले परमेश्वरको वचनलाई आफ्नो आत्मिक तरवार बनाएर यसलाई परीक्षाको बेलामा ठीक प्रयोग गर्न सक्छ।

## ७- हर समय आत्मामा प्रार्थना गर्नुपर्छ

शैतान र त्यसको शक्तिशाली, चतुर र दुष्ट सेनासँग हामी एकलो भएर लड्न सक्दै सक्दैनौं। तर परमेश्वरलाई धन्यवाद होस्! उहाँ सेनाहरूको परमप्रभु हुनुहुन्छ। उहाँसँग अनगिन्ती स्वर्गदूतहरू हुन्छन्; उनीहरूलाई उहाँले हाम्रो सहायताको निम्ति पठाउनुहुन्छ। यसकारण जसरी सिपाहीहरू आफ्नो सेनाका कप्तानसँग सञ्चारद्वारा नजिकको सम्बन्ध राखेर उनको हुकुमअनुसार चल्छ, त्यसरी नै हामीले पनि हर समय प्रार्थना गरेर हाम्रो सेनाको कप्तान प्रभु येशूसँग नजिकको सम्बन्ध राख्नुपर्छ। शैतान र त्यसको सारा फौज प्रभु येशूको नामदेखि डराउँछ। किनभने

क्रूसको मृत्युद्वारा प्रभु येशूले शैतानमाथि जय पाउनुभएको छ र त्यसबाट सारा हात–हतियारहरू खोस्नुभएको छ। प्रभु येशूका निम्ति शैतान हार खाएको शत्रु मात्र हो। यसकारण प्रभु येशूकहाँ शरण लिनेहरू शैतानदेखि डराउनुपर्दैन; उनीहरू प्रभु येशूमा सुरक्षित छन्। शैतानको हमलाको सामना गर्दा उनीहरूले प्रभु येशूको उच्च नाममा जय पाउँछन्।

## च – अन्तमा केही अर्तीहरू

(तल दिइएको मुख्य पद कण्ठस्थ गर्नुहोस्।)

**''धन्य हो त्यो मानिस, जो परीक्षामा स्थिर रहन्छ; किनकि उसको जाँच भइसकेपछि उसले जीवनको मुकुट पाउनेछ, जुन मुकुटको प्रतिज्ञा प्रभुले आफूलाई प्रेम गर्नेहरूसित गर्नुभएको छ।''**

**याकूब १:१२**

**''मेरा भाइहरूहो, नाना प्रकारका परीक्षाहरूमा पर्दा तिमीहरू यसलाई पूरा आनन्द सम्झ; यो जानेर कि तिमीहरूको विश्वासको जाँचले धीरज उत्पन्न गर्छ। तर धीरज आफ्नो सिद्ध काम गर्न देओ, कि कुनै कुराको खाँचो नपर्ने गरी तिमीहरू सिद्ध र पूर्ण होओ।'' याकूब १:२-३**

परमेश्वरको वचनअनुसार नाना प्रकारका परीक्षाहरू हाम्रो जीवनमा आउँछन् नै। परीक्षा आउँदा त्यसलाई हामी नमीठो सम्झन्छौं। तर वास्तवमा हामीले त्यसलाई आनन्द सम्झनुपर्छ; किनभने त्यसको फल हाम्रो जीवनमा मीठो हुने रहेछ। परीक्षामा स्थिर रहनेले जीवनको मुकुट पाउनेछ र यसरी नै प्रभु येशूलाई कति माया गर्दछ, सो देखाउन सक्छ। यसकारण अन्तमा हामी तपाईंलाई परीक्षामा स्थिर रहनको निम्ति केही अर्तीहरू दिएर तपाईंलाई साहस दिन चाहन्छौं।

१) **२ तिमोथी २:२२** – जवानीका अभिलाषाहरूदेखि भाग्नुहोस्; शुद्ध मन भएकाहरूको सँगत गर्नुहोस्। असल कुराहरूको पछि लाग्नुहोस्।

२) **याकूब ४:७** – परमेश्वरको अधीनतामा बसेर शैतानको सामना गर्नुहोस्; तब त्यो भाग्नेछ।

३) **कलस्सी ३:१६** – आफ्नो हृदय खाली नराख्नुहोस्। तर प्रभु येशूको पवित्र वचनले सम्पूर्ण हृदय भरिदिनुहोस्। यसरी नै पवित्र आत्माले भरपुर हुनुहोस्। (एफेसी ५:१८)

४) **फिलिप्पी ४:८** – कुनै खराब कुरामा होइन, तर सत्य, चोखो, परमेश्वरको सामु ग्रहणयोग्य कुरामा आफ्नो ध्यान लगाउनुहोस्।

५) **१ यूहन्ना ५:४-५** – प्रभु येशूमा हाम्रो विजय छ। प्रभुसँग विश्वासमा बलियो गरी टाँसिरहनुहोस् र तपाईं पापको परीक्षामा विजयी हुनुहुनेछ।

६) **१ कोरिन्थी १०:१३** – पापको परीक्षामा पर्दा तपाईं एकलो हुनुहुन्न भन्ने कुरा याद गर्नुहोस्। परमेश्वर तपाईंको साथमा हुनुहुन्छ र परीक्षाबाट उम्कने बाटो पनि बनाउनुहुन्छ।

७) **प्रकाश १२:७-१२** – एक दिन शैतान पूरा हार खानैपर्छ। तर अहिले पनि प्रभु येशूको रगतको शक्तिमा र आफ्नै गवाहीको वचनले हामीले हाम्रो शत्रुमाथि जय पाउँछौं।

**प्रभु येशूले तपाईंलाई यी वचनहरूद्वारा समझ दिऊन्; परीक्षाको घडीमा यी वचनहरूले तपाईंलाई मद्दत गरून्। परमेश्वरले तपाईंलाई हर समय हरेक परीक्षामा विजयको जीवन दिऊन्।**

# नेपाली बाइबल करेस्पण्डेन्स इन्सटिट्यूट

## चेला बनाओ!

### बाइबल शिक्षाक्रम – उत्तर पृष्ठ

**तपाईंको पूरा ठेगानाः** (अंग्रेजीमा लेखे पनि हुन्छ)

श्री/सुश्री/श्रीमति ..........................................................................

गा॰वि॰स॰/ग्रा॰पं॰: ........................................... वार्ड नं॰: .......................

हुलाक/पो॰ आ॰ : .............................. जिल्लाः ...........................................

अञ्चल/प्रदेशः ........................................ देशः .....................................

**रजिष्टर नं॰:** ........................

# पाठ ७

## आइपर्ने परीक्षाहरू कसरी सामना गर्नुपर्छ?

पापको परीक्षामा पर्दा विजयको जीवन जिउनको लागि के गर्नुपर्छ भन्ने कुरा हामीले अध्ययन गर्‍यौं। शैतानको धूर्त युक्तिहरूको सामना गर्नु आत्मिक लड़ाइँ हो। यस लड़ाइँमा हामीले आफ्नो शक्ति वा बुद्धिमा भर परेर युद्ध गर्न सक्दैनौं, नत्र ता धेरैपटक पापमा फसेर हारको जीवन हाम्रो अनुभव हुनेछ। यसकारण आफ्ना कमजोरीहरू जान्नु र परमेश्वरको सारा हात–हतियारहरू लगाई लड़ाइँ गर्नका निम्ति तयार हुनु नै साँचो बुद्धि हो। यसैले यस पाठमा सोधिएका प्रश्नहरूको उत्तर लेख्नु अघि हामी तपाईंलाई यी सबै बाइबलका पदहरू फेरि पढ्नू भन्ने सल्लाह दिन्छौं, साथै यस सम्बन्धमा परमेश्वरको वचनले तपाईंलाई जे भन्दछ, यसमा आज्ञाकारी हुनुहोस् भनी अनुरोध गर्छौं। पाप र शैतानसित लड्नु खेलठट्टा होइन, तर गम्भीर कुरा हो। जो यस युद्धको निम्ति तयार हुन्छ, ऊ पापको परीक्षामा स्थिर रहन सफल हुन्छ भन्ने कुरा याद गर्नुहोस्।

### क – मानिसको पहिलो परीक्षा

**१) क) १ कोरिन्थी १०:१२-१३ – आफ्नो विषयमा हामी किन होसियार हुनुपर्छ?**

.....................................................................................................

**ख) हामीमाथि कस्तो किसिमको परीक्षाहरू आइपर्नेछन्?**

.....................................................................................................

ग) परमेश्वर हामीप्रति विश्वास योग्य हुनुहुन्छ। यसैले उहाँले हाम्रो लागि के के गर्नुहुन्छ?

अ) ..........................................................................................

आ) ..........................................................................................

२) उत्पत्ति ३:१-६ - परीक्षामा पर्दा पहिलो मानिस पापमा फस्यो; किन होला? (आफ्ना शब्दमा लेख्नुहोस्)

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

## ख - परीक्षा गर्ने शैतानको बारेमा केही शिक्षा

१) यशैया १४:१२ र १४ - क) शुरुमा शैतान कस्तो थियो?

..........................................................................................

ख) शैतानको पाप के थियो? (१४ पद)

..........................................................................................

२) उत्पत्ति ३:१ - शैतानलाई 'पुरानो साँप' किन भनिन्छ?

..........................................................................................

३) यूहन्ना ८:४४ - त्यसको नाम 'शैतान' किन राख्यो?

..........................................................................................

४) प्रकाश १२:९-१० - 'डियाबोलोस' नाम त्यसले किन पायो?

..........................................................................................

## ग - परीक्षा आउने क्षेत्रहरू

१) १ यूहन्ना २:१६ - क) पापको परीक्षा कुन कुन क्षेत्रबाट आउन सक्छ?

अ) ..........................................................................................

आ) ..........................................................................................

इ) ..........................................................................................

२) १ यूहन्ना २:१५-१७ - क) हाम्रो निम्ति परमेश्वरको आज्ञा के हो?

..........................................................................................

ख) संसारलाई माया गर्ने मानिसमा के कुरा छैन?

..........................................................................................

ग ) के कुरा बितिजान्छ? ..................................................................................

घ ) को सदा रहन्छ? ........................................................................................

## घ – प्रभु येशूको परीक्षा

१ ) लूका ४:१-१३ – क ) शैतानले प्रभु येशूलाई परीक्षा गर्दा प्रभु कुन अवस्थामा हुनुहुन्थ्यो?

...........................................................................................................

ख ) प्रभु येशूले शैतानलाई जित्नको निम्ति कसरी जवाफ दिनुभयो?

...........................................................................................................

ग ) शैतानले हार खाए तापनि कहिलेसम्म प्रभु येशूलाई छोड्यो? ...............................

२ ) लूका ४:४ मनमा कण्ठस्थ गरी खाली ठाउँमा लेख्नुहोस्। ...........................................

...........................................................................................................

...........................................................................................................

## ङ – परीक्षाको सामना गर्ने परमेश्वरका हात-हतियारहरू

१ ) एफेसी ६:१०-१३ क ) आत्मिक लड़ाइँको निम्ति हामी कसरी बलिया हुन्छौं?

...........................................................................................................

ख ) शैतानका धूर्त युक्तिहरूको सामना गर्नलाई परमेश्वरले हाम्रो निम्ति के प्रबन्ध गर्नुभयो?

...........................................................................................................

ग ) हाम्रो युद्ध कसको विरोधमा छ? ....................................................................

...........................................................................................................

घ ) युद्ध गर्न हामी कसरी तयार छौं? ...................................................................

...........................................................................................................

२ ) एफेसी ६:१४-१८ – परमेश्वरले हामीलाई दिनुभएका हात-हतियारहरू के के हुन्?

अ ) ..........................................................................................................

आ ) .........................................................................................................

इ ) ..........................................................................................................

ई ) ..........................................................................................................

उ ) ..........................................................................................................

ऊ ) ..........................................................................................................

ए ) ..........................................................................................................

## च - अन्तमा केही अर्तीहरू

१) याकूब १:१२ - क) कुन मानिस धन्यको हुन्छ?

..............................................................................................

ख) परीक्षामा स्थिर रहने मानिसले के पाउँछ?

..............................................................................................

ग) कस-कसले जीवनको मुकुट पाउनेछन्?

..............................................................................................

२) याकूब १:२-३ - क) परीक्षामा पर्दा हामीले के गर्नुपर्छ?

..............................................................................................

ख) विश्वासको जाँचको फल के हो?

..............................................................................................

३) २ तिमोथी २:२२ कण्ठस्थ गरी खाली ठाउँमा लेख्नुहोस्। ..........................................

..............................................................................................

..............................................................................................

४) याकूब ४:७ - क) परमेश्वरले हामीलाई यहाँ कुन दुईटा आज्ञा दिनुभएको छ?

अ) ..............................................................................................

आ) ..............................................................................................

ख) तब शैतानले के गर्नेछ? ..............................................................................................

५) कलस्सी ३:१६ - कुन कुराले हाम्रो हृदयमा वास गर्नुपर्छ? ..........................................

६) क) के तपाईं कुनै समय पापको परीक्षामा पर्नुभएको छ? ..........................................

ख) शैतानले तपाईंलाई कसरी पापमा फसाउन खोज्यो? ..........................................

..............................................................................................

ग) त्यस बेला तपाईंले के अनुभव गर्नुभयो? ..........................................

..............................................................................................

घ) के पापमाथि तपाईंले विजय पाउनुभएको छ? ..........................................

ङ) कुन क्षेत्रमा तपाईंलाई सहायता चाहिएको छ? ..........................................